# पूर्वाञ्चल विश्वविद्यालय
## गोठगाउँ, मोरङ

## संकाय डीनको नियुक्तिका लागि खोज तथा सिफारिस सम्बन्धी प्रक्रिया , योग्यता तथा मापदण्ड -२०८१ (संसोधन सहित)

पूर्वाञ्चल विश्वविद्यालयमा संकाय डीन पदको नियुक्तिका लागि निश्चित आधार र मापदण्ड बनाई उक्त पदको छनोटलाई पारदर्शी, योग्यतामा आधारित बनाउनका लागि शैक्षिक योग्यता, कार्य अनुभव, जेष्ठता, व्यवस्थापकीय क्षमता, प्राज्ञिक अनुसन्धान र प्रकाशनमा आधारित भएर खोज गरी नियुक्तिका लागि सिफारिस गर्नु वाञ्छनीय भएकाले पू.वि. नियमावली २०५३ (सैतीसौँ सभासम्मको संशोधन सहित)को खण्ड क परिच्छेद ५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी "पूर्वाञ्चल विश्वविद्यालयमा संकाय डीनको नियुक्तिका लागि खोज तथा सिफारिस सम्बन्धी प्रक्रिया ,योग्यता तथा मापदण्ड" निर्धारण गरिएको छ।

### (१) संकाय डीन नियुक्तिका लागि सिफारिसका प्रक्रिया

संकाय डीनको नियुक्तिका लागि एक जना संयोजक रहने गरी अन्य दुई जना प्राध्यापक सम्मिलित तीन सदस्यीय खोज तथा सिफारिस समितिको गठन कार्यकारी परिषदबाट गरिनेछ। उक्त समितिले बढीमा १५ दिनभित्र (आवश्यक परे कार्यकारी परिषद्ले म्याद थप गर्न सक्ने गरी) पू.वि.नियमावली २०५३ (सैतीसौँ सभासम्मको संशोधन सहित)को खण्ड ख परिच्छेद ३ को दफा १०(२) बमोजिम) न्यूनतम् योग्यता पुगेका योग्य तथा इच्छुक व्यक्तिहरू मध्ये बाट खोज गरी २ (दुई) जनाको नाम वर्णानुक्रमानुसार सिफारिस गर्नेछ। कार्यकारी परिषद्ले सिफारिस गरिएका नामहरू मध्येबाट एकजनालाई डीनमा नियुक्ति गर्नेछ।

### (२) डीन सिफारिसका न्यूनतम योग्यता र मापदण्डः

डीन पदको लागि आवश्यक न्यूनतम योग्यता र मापदण्ड देहायबमोजिम निर्धारण गरिएको छः

(क) नेपाली नागरिक।

(ख) न्यूनतम् स्नात्तकोत्तर उपाधि प्राप्त गरेको। विदेशी विश्वविद्यालयबाट शैक्षिक योग्यताको उपाधि प्राप्त गरेको भए समकक्षताको प्रमाणपत्र अनिवार्य रूपमा समावेश गर्नुपर्ने।

(ग) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयमा सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कम्तीमा पनि १५ वर्षको कार्यानुभव भएको।

(घ) उच्च शिक्षाको क्षेत्रमा काम गरेको अनुभव प्राप्त तथा विगतको शैक्षिक, प्राज्ञिक तथा प्रशासकीय अभिलेख उत्कृष्ट भएको।

(ङ) नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयमा पदाधिकारीमा रही व्यवस्थापकीय/प्रशासकीय पदमा काम गरेको भए विशेष प्राथमिकता दिइने।

(च) शैक्षिक/प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको र अनुसन्धान परियोजनामा आधारित सन्दर्भपुस्तकहरू प्रकाशन गरेको भए विशेष प्राथमिकता दिइने।

**(छ) विद्यावारिधि गरेको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुतीकरण गरेको, अनुसन्धानमूलक लेख प्रकाशित गरेको, पाठयपुस्तक प्रकाशित गरेकोलाई विशेष प्राथमिकता दिइने।**

(ज) पूर्ण कार्यकाल डीनको रूपमा काम गर्न सक्ने गरी पू.वि. नियमावली २०५३ (सैतीसौँ सभासम्मको संशोधन सहित) को खण्ड ख परिच्छेद ७ को दफा ५७ (१) अनुसार उमेर रहेको।

(झ) पूर्वाञ्चल विश्वविद्यालयको प्राज्ञिक परिषद्, विद्या परिषद् तथा विषय समितिहरूमा अध्यक्ष वा सदस्यको रूपमा प्रतिनिधित्व गरी कार्य अनुभव भएको भए विशेष प्राथमिकता दिइने।

(ञ) पूर्वाञ्चल विश्वविद्यालयमा कार्यरत प्राध्यापकलाई विशेष प्राथमिकता दिइने।

(ट) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको।

(ठ) विश्वविद्यालयसँग कुनै पनि व्यक्तिगत स्वार्थ नबाझिएको, नीजि क्याम्पस/कलेजहरूमा संलग्नता नरहेको।

(ड) वौद्धिक चोरीको विवादमा नपरेको।